छत्रेश्वरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
भोटेचौर सल्यान
कर्णाली प्रदेश, नेपाल

**आर्थिक वर्ष २०८३।०८४ को वार्षिक बजेट तथा कार्यक्रमम तर्जुमाका लागि विषयगत/कार्यालयगत सीमा तथा बजेट तर्जुमा मार्गदर्शन**

# विषयसूची


१) पृष्ठभूमि ........ १

२) कार्यक्रम तथा उपलब्धिको संक्षिप्त समीक्षा ........ ५

३) योजना तथा बजेट तर्जुमाका आधार ........ १४

४) बजेट सीमा ........ १९

५) प्राथमिकता निर्धारणका आधार, विधि तथा प्रक्रिया ........ २२

६) बजेट तर्जुमा मार्गदर्शन ........ २२

अनुसूचीहरु ........ ३१

वस्ती/टोल स्तर आयोजना छनौट तथा सूची तयार फारम ........ ३१

कार्यक्रम / आयोजनाको संक्षिप्त विवरण ........ ३३

आयोजनाको प्राथमिकीकरण सूची ........ ३५

## १) पृष्ठभूमि

### क) विकास र योजना तर्जुमाको सन्दर्भ

राज्य र नागरिक हित तथा मानवको जीवनस्तरमा गुणात्मक परिवर्तनका लागि आर्थिक, सामाजिक, भौतिक, वातावरणीय आदि पक्षमा सकारात्मक परिवर्तन आउनु नै विकास भएको मानिन्छ। मानव विकास सूचकाङ्कमा उच्चतम् अवस्थामा पुग्न शिक्षा, स्वास्थ्य र समृद्धि सहितको दीर्घ जीवन सुनिश्चितता भएको अवस्था विकासको गन्तव्य हो। विकासको गन्तव्य सुनिश्चित गर्न योजनावद्ध विकासको अपरिहार्य हुन्छ।

विकासका लागि आवश्यकता धेरै हुने र साधन स्रोत सीमित हुने भएकाले यसको प्रभावकारी सन्तुलन मिलाई प्राथमिकता प्राप्त क्षेत्रमा स्रोत साधनको उपयुक्त ढङ्गले उपयोग गर्नुपर्छ। मानव विकास सूचकाङ्कमा सुधार ल्याउन, दिगो विकास लक्ष्यहरु हासिल गर्न र विकासका अन्तरसम्बन्धित आयामहरुको सन्तुलित सम्बन्ध कायम गर्न व्यवस्थित योजना आवश्यक हुन्छ। योजनावद्ध विकासको आधारमा रहेर समाजको विकास र समृद्धि हासिल गर्न विकासमा जनसहभागिता, सहकार्य, साझेदारी र अपनत्वको सुनिश्चित भएपछि मात्र विकास क्रियाकलापको दिगोपना अभिवृद्धि हुनुका साथै सरकार र जनता बीचको सम्बन्ध सुमधुर हुन्छ।

गरिबी न्यूनिकरण, समतामूलक विकास, मानव संशाधन विकास, वातावरण संरक्षण, जनसंख्या व्यवस्थापन, विपद् व्यवस्थापन, सन्तुलित विकास आदि जस्ता विकासका आयामहरु सम्बोधन गर्दै साझेदारी र सहकार्यको माध्यमबाट नागरिकको आर्थिक तथा सामाजिक अवस्थामा उल्लेख्य सुधार गर्नुपर्ने आवश्यकता छ। विकासका लागि योजना निर्माण, प्राथमिकीकरण, विनियोजन कुशलता, कार्यान्वयन दक्षता, इमान्दारिता र साझेदारिताको भूमिका महत्वपूर्ण हुन्छ। छनौट र प्राथमिकीकरण उपयुक्त भयो भने विनियोजन र कार्यान्वयनमा सहज हुन्छ। कार्यान्वयनको आधार र मार्गदर्शन योजना निर्माण, छनौट र प्राथमिकीकरण भएकाले यो मार्गदर्शनको पूर्ण पालनाबाट गाउँपालिकाको विकास र योजना तर्जुमा थप वस्तुगत र समयसापेक्ष हुने अपेक्षा गरिएको छ।

### ख) स्थानीय तहको योजना तर्जुमा सम्बन्धी संवैधानिक र कानूनी व्यवस्था

नेपालको संविधानको धारा ५९ मा संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा योजना तयार गर्ने व्यवस्था रहेको छ। संविधानको अनुसूची ८ र ९ ले निर्धारण गरेको अधिकार क्षेत्र सहित मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वमा समेटिएका विषयहरु स्थानीय तहका योजना तर्जुमाका आधारहरु हुन्। संङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्ने संवैधानिक अपेक्षा बमोजिम समाजवादउन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने संविधानमा उल्लिखित राज्यको आर्थिक

उद्देश्यले समेत स्थानीय आवधिक योजना तर्जुमालाई दिशानिर्देश गर्दछ। तसर्थ स्थानीय तहले विकास योजना तर्जुमा गर्दा नेपालको संविधानमा उल्लिखित मौलिक हक, नीति र निर्देशक सिद्धान्त र संविधानको अनुसूचीमा रहेका व्यवस्थाहरुको कार्यान्वयनमा पनि ध्यान दिनुपर्छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिका तथा नगरपालिकाहरुले आफ्नो क्षेत्राधिकारभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नेपर्ने कानूनी व्यवस्था गरेको छ।
अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्ने, मध्यमकालीन खर्च संरचना तयार गर्ने, खर्चको आवश्यकताको प्रक्षेपण गर्ने, राजस्वको प्रक्षेपण तयार गर्ने र वित्तीय अनुशासन कायम गर्नुपर्ने व्यवस्था गरेको छ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ मा व्यवस्था भए बमोजिम स्थानीय तहले योजना तर्जुमा गर्दा प्राकृतिक स्रोतको परिचालनका आधार, राजस्व बाँडफाँडका आधार, अन्तरसरकारी वित्तीय हस्तान्तरणका आधार लगायतका प्रावधान अनुरुप आयोगले समय-समयमा गरेका सिफारिसलाई ध्यानमा राखी स्रोत साधनको अनुमान र प्रक्षेपण गर्नुपर्दछ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले गाउँपालिका तथा नगरपालिकाहरुले स्रोत अनुमान गर्दा राष्ट्रिय स्रोत अनुमान समितिले गरेको अनुमानकै आधारमा तीन आर्थिक वर्षको स्रोत अनुमान गरी मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ भने आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसार स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गर्दा आर्थिक अनुशासन, कार्यान्वयन क्षमता, विनियोजन कुशलता र समष्टिगत आर्थिक आर्थिक स्थायित्व कायम हुने गरी समष्टिगत नतिजा खाका र बजेट खाका समेत समावेश गर्नुपर्ने र आयोजना बैंक स्थापना गर्नुपर्ने व्यवस्था गरेको छ।

सङ्घ, प्रदेश र स्थानीय तहबीचको समन्वय र अन्तरसम्बन्ध सम्बन्धी ऐन, २०७७ ले स्थानीय तहले आयोजना तर्जुमा, बजेट व्यवस्था र कार्यान्वयन गर्दा सङ्घीय कानूनले निर्धारण गरेको मापदण्डको आधारमा गर्नुपर्ने व्यवस्था गरेको छ।

विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ ले स्थानीय विपद् व्यवस्थापन समितिले भौतिक संरचना निर्माण गर्दा राष्ट्रिय भवन संहिता लगायत स्वीकृत निर्देशिका र मापदण्ड पालना गराउने, बजेट विनियोजन गर्न लगाउने, सरकारी, गैरसरकारी, निजी, सामुदायिक संस्थाको समन्वय र संलग्नतामा विपद् जोखिम न्यूनिकरण सम्बन्धी कार्य गर्ने गराउने लगायतका कार्यहरु गर्नुपर्ने व्यवस्था गरेको छ।

स्थानीय तहले योजना तर्जुमा गर्दा राष्ट्रिय, प्रादेशिक र स्थानीय नीतिहरुलाई समेत ध्यान दिनुपर्छ। राष्ट्रिय भूउपयोग नीति, २०७२, विकास सहायतता नीति २०७६, शिक्षा तथा स्वास्थ्य, शहरी विकास, कृषि, सिंचाई, वन तथा वातावरणसँग सम्बन्धित नीतिहरु समेत मध्यनजर गर्नुपर्छ।

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ ले १० विषयगत क्षेत्रगत अन्तर्गत १०० वटासम्म समग्र अवस्था, प्रक्रियागत अवस्था र परिमाणात्मक अवस्था दर्शाउने सूचकहरु कार्यान्वयन हुने सुनिश्चित गर्नुपर्दछ।

प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमूना निर्देशिका, २०७७ ले प्रदेश तथा स्थानीय तहमा विनियोजन गरिएका कार्यक्रम अन्तर्गतका क्रियाकलापहरुको महिला सशक्तिकरण र लैङ्गिक समानतामा गर्ने योगदानको आधारमा वर्गीकरण गरी साङ्केतिकरण गर्नुपर्ने व्यवस्था गरेको छ।

**ग) मार्गदर्शन तयारीका आधार तथा अवलम्बन गरिएको प्रक्रिया**

छत्रेश्वरी गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ सहित आगामी तीन आर्थिक वर्ष सहितको वार्षिक बजेट तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचना तयारीका लागि सीमा निर्धारण तथा मार्गदर्शन तयारीका लागि मिति २०८३ बैशाख ८ गते, ९ गते र १० गते बसेको बैठक बसी विषयगत शाखा/इकाई तथा वडा कार्यालयहरुको बजेट सीमा निर्धारणका साथै मार्गदर्शन तय गरेको छ।

मार्गदर्शन तयारी गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून तथा नीति, स्थानीय योजना, नीति तथा कानून, प्राथमिकता र आवश्यकतालाई प्रमुख आधार बनाइएको छ। योजना तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ मा उल्लिखित सात चरणको सहभागितामूलक योजना तर्जुमा प्रक्रियालाई जोड दिइएको छ।

घ) **बजेट तथा योजना तर्जुमाका आधार**

**१) दीर्घकालीन सोंच, सोह्रौ योजना र विकासशील देशमा स्तरोन्नतिको रणनीति**

नेपाल सरकारको "समृद्ध नेपालः सुखी नेपाली" को परिकल्पना पूरा गर्न आगामी २५ वर्षको लागि "दीर्घकालीन सोंच २१००" हालि गर्ने योजनाका रुपमा तीनै तहको सरकारलाई मार्गदर्शन गर्ने सोह्रौ योजना कार्यान्वयनमा रहेको छ। सोह्रौ योजनाले तय गरेको सुशासन सामाजिक न्याय र समृद्धि सौंचको परिदृष्य तथा सोह्रौ योजनाको लक्ष्य, उद्देश्य, रणनीति, प्राथमिकता र भौतिक लक्ष्यसँग तादाम्यता कायम हुने गरी स्थानीय योजना तय गर्नुपर्दछ।

त्यसैगरी वि.सं. २०८७ सम्ममा अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरुप दिगो विकास लक्ष्य हासिल गर्न विकासका सबै आयाममा कसैलाई पनि नछोड्ने प्रतिबद्धतालाई योजनामा आन्तरिकीकरण गर्न आवश्यक बजेट तथा कार्यक्रम तय गर्न आवश्यक छ।

**२) कर्णाली प्रदेश तथा छत्रेश्वरी  गाउँपालिकाको दीर्घकालीन सोंच र आवधिक योजना**

कर्णाली प्रदेशले "समृद्ध कर्णाली सुखारी कर्णालीबासी को दीर्घकालीन सोंच तय गरेको छ। त्यसैगरी प्रदेशको प्रथम आवधिक योजनाले दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यक्रमहरु अगाडि सारेको छ।

त्यसैगरी छत्रेश्वरी  गाउँपालिकाको **दिगो विकास र सुशासनको लहर छत्रेश्वरी बासीको रहर**  को दीर्घकालीन सोंच सहित प्रथम आवधिक योजनाले लक्ष्य, उद्देश्य तथा रणनीतिहरु तय गरेको छ। योजना तथा कार्यक्रम तर्जुमा गर्दा राष्ट्रिय, प्रादेशिक तथा स्थानीय योजनाबीच तादाम्यता कायम गर्नुपर्नेछ ।

**३) दिगो विकास लक्ष्यको स्थानीयकरण योजना**

नेपालले संयुक्त राष्ट्र संघमा सन् २०३० सम्म दिगो विकास लक्ष्य प्राप्त गर्ने प्रतिबद्धता जनाएको छ। दिगो विकासका १७ वटा लक्ष्य, १६९ वटा परिमाणात्मक लक्ष्य र विश्वव्यापीसहित नेपालले तय गरेका जम्मा ४७९ सूचकहरु छन् । दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्ने योजना बमोजिम वार्षिक बजेट तथा कार्यक्रममा सोही बमोजिमको प्राथमिकता र केन्द्रिकरण सुनिश्चित गर्नुपर्नेछ।

**४) राष्ट्रिय अभियान तथा अन्य अन्तरसम्बन्धित विषयहरु**

नेपाल पक्ष भई हस्ताक्षर गरेका अन्तर्राष्ट्रिय अभिसन्धी, सम्झौता र प्रतिबद्धतासँग सम्बन्धित विषयलाई समेत गाउँपालिकाको योजनामा समावेश गर्नु आवश्यक छ। यसैगरी विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक योजना (२०१८-२०३०), जलवायु परिवर्तन राष्ट्रिय अनुकूलन योजना, २०१८ लगायत विकास प्रक्रिया र उपलब्धिमा प्रत्यक्ष असर पार्ने नीतिहरु, छत्रेश्वरी  गाउँपालिकाको विषयगत नीतिहरु, योजनाहरुलाई समेत ख्याल गर्नुपर्नेछ।

**५) नेपाल सरकार तथा कर्णाली प्रदेश सरकारको मार्गनिर्देशन**

आगामी आर्थिक वर्षको वार्षिक बजेट तथा कार्यक्रमका लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा नेपाल सरकार र कर्णाली  प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण र राजस्व

बाँडफाँडको बजेट सीमा तथा बजेट तर्जुमा सम्बन्धी शर्त तथा मार्गदर्शनको पालना गर्नुपर्नेछ। त्यसैगरी नेपाल सरकार तथा प्रदेश सरकारबाट योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको सम्बन्धमा समय समयमा प्राप्त हुने मार्गदर्शनलाई समेत ख्याल गर्नुपर्नेछ।

**६) समपूरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधि**

नेपाल सरकार तथा प्रदेश सरकारबाट स्थानीय तहको सहलगानीमा सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरु पहिचान गरी आयोजना बैंकमा समावेश गर्नुका साथै कार्यविधिले तोके बमोजिमको योजना तर्जुमा तथा कार्यान्वयन गर्नुपर्नेछ।

**७) गाउँपालिकाको प्रमुख समस्या र अवसरहरु**

गाउँपालिकाको समग्र विकास र समृद्धिका लागि विकासका पूर्वाधारहरुको अभाव, दक्ष जनशक्तिको कमी, न्यून उत्पादकत्व, शिक्षा तथा स्वास्थ्य सेवामा गुणस्तरको अभाव, उत्पादित उपजको बजारीकरण अभाव, श्रम शक्तिको पलायन, गरिबी, बेरोजगारी, विपद् जोखिम जस्ता प्रमुख समस्याहरु रहेका छन् ।

पूर्वाधार विकासका लागि तहगत सरकार तथा साझेदार निकायको चासो हुनु, राजनीतिक चेतनास्तरमा वृद्धि हुनु, निर्वाचित पदाधिकारी सहितको संस्थागत संयन्त्र हुनु, सूचना तथा प्रविधिको विकास र अवसर बढ्नु, यूवाहरुमा उद्यमशीलता र व्यावसायिकता बढ्दै जानु, डायस्पोरामा रहेका छत्रेश्वरी बासी तथा शुभचिन्तकहरुको चासो, साथ, सहयोग र समर्थन रहनु, कृषि तथा पर्यटन विकासमा नयाँ सम्भावना र अवसर हुनु, राप्ती लोकमार्ग र अन्य सहायक मार्गहरुले गाउँपालिकाको आवागमन र यातायातमा सहजता थप्नु, सेवा प्रवाह र सुशासन प्रवर्द्धनमा क्रमशः वृद्धि हुनुले गाउँपालिकाको समृद्धिका सम्भावना बढाएका छन्। आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा प्रमुख समस्याको न्यूनिकरण तथा सम्भावनाको भरपूर उपयोग हुने योजना ल्याउनु आवश्यक छ।

**८) स्थानीय सरकारमा सहभागी राजनीतिक दलहरुको घोषणापत्र**

स्थानीय तहको निर्वाचन, २०७९ को क्रममा राजनीतिक दलले घोषणापत्र प्रस्तुत गरी जनताबाट अनुमोदित जनप्रतिनिधिहरुको घोषणापत्रमा समावेश प्रतिवद्धता, योजना तथा कार्यक्रममध्ये पूरा हुन सक्ने आयोजना तथा कार्यक्रमलाई ध्यानमा राखी विकास कार्यमा सहमतिको वातावरण स्थापना तथा विकासमैत्री वातावरण निर्माणमा ध्यान दिनुपर्छ।

## २) कार्यक्रम तथा उपलब्धिको संक्षिप्त समीक्षा

### क) चालु आ.व. को प्रमुख उपलब्धि, समस्या तथा चुनौती

गत आर्थिक वर्ष २०८२/८३ मा क्षेत्रगत रुपमा देहायका प्रमुख उपलब्धिहरु हासिल भएका छन् ।

## (क)आर्थिक विकास

| क्षेत्र | प्रमुख उपलब्धिहरु |
|---|---|
| **कृषि** | • मौरी खेती विस्तारका लागि ५० प्रतिशत अनुदानमा १४ वटा कृषि फर्म तथा समूहरुलाइ ४१ वटा मौरी घारहरु वितरण गरिएको छ। ९ जना ब्यावसायिक किसानहरुलाइ मिनिटिलर वितरण गरिएको छ।<br>• १० जनालाइ कृषि औजार मर्मत सम्वन्धी १५ दिने तालिम प्रदान गरिएको जसले गर्दा कृषि कर्म गर्दा सानातिना मर्मत सम्भार सजिलै गर्न सकिने भएको छ।<br>• युरिया डिएपी जस्ता मलहरुको कोटा निर्धारण भइ किसानहरुलाइ सुलभ मूल्यमा प्रदान गर्नका लागि मूल्य निर्धारण गरिएको छ।<br>• आकस्मिक बाली संरक्षण कार्यक्रम अन्तर्गत १३१ घरधुरीको खेतीबालीमा किटनाशक तथा ढुसीनाशक औषधी वितरण गरिएको छ।<br>• तरकारी बाली प्रवर्धन कार्यक्रम अन्तर्गत रायो, मुला, धनिया, सिमि, बोडी, भिन्डी, काक्रा र चम्सुर २७०० घरधुरी वितरण गरिएको छ।<br>• २५० घरधुरीमा च्याउ खेती प्रवर्धनका लागि ४४६ प्याकेट च्याउको विउ वितरण र सोसम्वन्धी तालिम संचालन गरिएको छ।<br>• कृषि ब्यवसाय प्रवर्धन ऐन हिउँदे गाउसभाबाट छलफल भइ पारित भएको छ।<br>• फलफुल प्रवर्धन कार्यक्रम अन्तर्गत १३८ घरधुरीमा सुन्तला बगैचा ब्यवस्थापनका लागि २८३ केजी चुना र २८० केजी निलोतुथो वितरण गरिएको छ।<br>• जैविक बिषादी सुक्ष्म खाद्य तत्व तथा जैविक सामाग्री वितरण गरिएको छ।<br>• माटो परिक्षणका लागि माटोको नमुना संकलन सम्वन्धी तालिम सम्पन्न भएको छ।<br>• २५१७० पशुपंक्षीको उपचार गरिएको छ। गाइ भैसी कुखुरा र बंगुरमा ८०० डोज रेविज खोप लगाइएको छ।<br>• ३७३ हेक्टर क्षेत्रफल जमिनमा सिँचाइ सुविधा पुर्याइएको छ।<br>• पशुपंक्षी सेवाको लागि अत्यावश्यक औषधी खरिद गरी निशुल्क रुपमा पशुपंक्षीको उपचार गरिएको छ। गाइभैसी प्रवर्धन कार्यक्रम अन्तर्गत गोठ सुधार तथा दुग्धजन्य पदार्थ प्रवर्धनका लागि कार्यक्रम संचालन गरिएको छ। |
| **उद्योग वाणिज्य** | • लघु उद्यम विकास सम्वन्धी २६ जनालाइ ब्यावसायिक सचेतना कार्यक्रम संचालन गरिएको छ।<br>• वाणिज्य तर्फका ४६ वटा र उद्योग तर्फका ११ वटा ब्यवसायहरुको दर्ता तथा नवीकरण गरिएको छ। |
| **पर्यटन** | • वडा नं ५ जारकाटे उचाल्ने ढकढके पर्यटन पदमार्ग तथा विश्रामस्थल निर्माणको सुरुवात गरिएको छ।<br>• छत्रेश्वरीको धार्मिक तथा कृषि पर्यटन प्रवर्धनका लागि नेपाल टेलिभिजन संग सम्झौता गरी कार्यक्रम कार्यन्वयन भइरहेको छ।<br>• लैसे पाचतले गुफा अवलोकनका लागि पर्यटकीय पदमार्ग निर्माणको काम सम्पन्न गरिएको छ। |

| | |
|---|---|
| **वित्तीय क्षेत्र** | • ३ वटा ३ दिने वित्तिय साक्षरता सम्वन्धी तालिम संचालन<br>• सुरक्षित वैदेशिक रोजगार सम्वन्धी समुदायमा तालिम संचालन<br>• सबै छत्रेश्वरीबासीको एक घर एक बैंक खाताका लागि नेपाल इन्भेस्टमेन्ट मेगा बैंकसंग सहकार्य भइरहेको।<br>• १० वटा विद्यालयमा वित्तिय साक्षरता सम्वन्धी तालिम तथा कक्षा संचालन गरिएको छ। |
| **रोजगार ी सिर्जना** | • प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रु ५४ लाख ५० हजार बजेटमा ५० जनालाइ रोजगारी सिर्जना गरिएको छ।<br>• मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रु १ करोड ५ लाख बजेटमा ३१५ जनालाइ रोजगारी सिर्जना गरिएको छ।<br>• ३९१जनाको श्रम स्वीकृति नवीकरण गरिएको छ।<br>• १९ जना बैदेशिक रोजगारीमा गएका सन्नततिलाइ छात्रवृत्ति प्रदान गरिएको छ।<br>• १० जनाको मृत्यु क्षतिपुर्ति, २ जनाको स्वास्थ्य उपचार सहयोग ,७ जनाको सब बाहन गाडी उपलब्धता ,३ जना अंगभंग भएका ब्यक्तिहरुको विवरण प्रविष्टी गरिएको छ। |

**(ख)सामाजिक विकास**

| **क्षेत्र** | **प्रमुख उपलब्धि** |
|---|---|
| **शिक्षा** | • पालिकाको आफ्नै लगानीमा राष्ट्रपति रनिङ शिल्ड संचालन गरिएको।<br>• आफ्नै स्रोत साधनमा आधारभुत तह उत्तीर्ण परिक्षा संचालन तथा ब्यवस्थापन।<br>• पुस्तकालय तालिम संचालन<br>• आधारभुत तहको पाठ्यपुस्तक लेखनको कार्य भैरहको।<br>• आधारभुत तह १-३ को पाठ्यक्रमको कष्टमाइज्ड तालिम सम्पन्न।<br>• विद्यालय सुपरिवेक्षण तथा मेन्टोरिङ सुरुवात गरिएको।<br>• विद्यालय प्रअसंग कार्यसम्पादन सम्झौता तथा मापदण्डमा आधारित प्रअ नियुक्तीको सुरुवात गरिएको छ।<br>• कार्यसम्पादनमा आधारित पुरुस्कार तथा दण्डको ब्यवस्था |

| | |
|---|---|
| | • कार्यसम्पादन प्रोत्साहन अनुदान अन्तर्गत विद्यालय पुस्तकाल, आइसिटि ल्याब संचालन तथा ब्यवस्थापन गरिएको छ।<br>• विद्यालय शिक्षक दरबन्दी मिलान तह घटुवा तथा मर्जर र विग स्कुलको अवधारणा अनुरुप विद्यालय पुनसंरचनाको सुरुवात गरिएको छ। |
| **स्वास्थ्य** | • सुत्केरी अति बिपन्न गरिब आकस्मिक दुर्घटनामा जीवन संरक्षणका लागि निशुल्क एम्वुलेन्स सेवा प्रदान गरिएको छ।<br>• ७ जना विपन्न नागरिकलाइ रु १ लाख बराबरको विपन्न नागरिक सिफारिस<br>• १५ शैया आधारभुत अस्पत्तालको निर्माणको काममा ताकेता गरिएको छ।<br>• शुन्य बालमृत्युदर<br>• १५४ जना किशोरीहरुलाइ पाठेघरको क्यान्सर बिरुद्धको HPV खोप संचालन गरिएको छ। ६४ जना ट्युबरक्लोसिस विरामीको परिक्षण गरिएको छ।<br>• २० जना मृगौला प्रत्यारोपन गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीलाई मासिक ५००० का दर उपचार सहायता प्रदान गरिएको छ।<br>• पुर्ण खोप प्रतिशत ९२ पुगेको छ। ५ बर्ष मुनिका १००९ बालबालिकाले सेवा प्राप्त गरेका छन। ५ वटा बर्थिङ सेन्टर २ वटा OTC सेन्टर संचालन गरिएको छ। ४ वटा किशोरकिशोरीमैत्री स्वास्थ्य संचालन गरिएको छ।<br>• ७७३९ जना विरामीको स्वास्थ्य परिक्षण गरिएको छ।<br>• रु २० लाखको छत्रेश्वरीका सबै स्वास्थ्य संस्थाहरुका लागि ९८ प्रकारका औषधी खरिद तथा वितरण गरिएको छ। ३४ प्रतिशत संस्थागत सुत्केरी रहेको छ।<br>• विद्यालय पोषण शिक्षा कार्यक्रम तथा राष्ट्रिय भिटामिन ए कार्यमक्रम मार्फत बालबालिकालाइ प्रत्यक्ष सेवा प्रदान गरिएको छ। |
| **खानेपानी तथा सरसफाइ** | • गर्चे ढोरेनी र डिग्रे खानेपानी तथा सरसफाइ आयोजनाहरु निर्माणको कार्य तीव्र गतिमा भइरहेको छ।<br>• श्री कृष्ण मावि वास सहितको सुविधासम्पन्न शौचालय निर्माणको काम अन्तिम चरणमा पुगेको छ। |

| | |
|---|---|
| | • जलुकेखोली पानीखोला खानेपानी तथा सरसफाइ आयोजना छत्रेश्वरी ६ र तामाधारा खानेपानी तथा सरसफाइ योजना छत्रेश्वरी ५ को काम सम्पन्न भइ हस्तान्तरण गरिएको छ।<br>• ३४ वटा घरधुरी भएका २ वटा टोललाइ पुर्ण सरसफाइ उन्मुख टोल घोषणा गरिएको छ।<br>• ७ वटा वडास्तरीय मर्यादित महिनावारी ब्यवस्थापन गठन भइ अभिमुखीकरण गरिएको छ।<br>• शारदा मावि शंखमुल र जनता मावि भौटेरमा वास सहितको सुविधासम्पन्न शौचालय सम्पन्न भइ हस्तान्तरण गरिएको छ।<br>• ८५ वटा खानेपानी आयोजनाहरुको पोष्टमार्टम गरिएको छ।<br>• २८८ वटा मर्यादित महिनावरी सम्वन्धि कार्यक्रम संचालन गरिएका छन।<br>• ३२ वटा मुहानको पानीको गुणस्तर परिक्षण गरिएको छ।<br>• २२ वटा खानेपानी उपभोक्ता समितिहरुको दर्ता गरिएको छ।<br>• उपभोक्ता समितिलाइ खरिद ब्यवस्थापन सम्वन्धी तालिम प्रदान गरिएको छ ।<br>• १८ वटा खानेपानी तथा सरसफाइ उपभोक्ता समिति विच MOU सम्पन्न गरिएको छ। |
| **संस्कृति प्रवर्द्धन** | • नेपाल टेलिभिजको सहयोगमा पालिकाभित्र रहेको पौराणिक कला र सम्पदाको भिडियो डकुमेन्ट्री निर्माण<br>• परम्परागत मेला रुपमा लाग्दै आएको पौराणिक छत्रेश्वरी सतीपिठ तथा शिवरात्री मेला ब्यवस्थापनका लागि पालिकाबाट रु १ लाख २० हजार खर्च गरिएको छ।<br>• छत्रेश्वरी गाउँपालिका भित्रका कला र संस्कृति संरक्षणका लागि पंजेबाजा विभिन्न आमा समूह तथा अन्य क्षेत्रमा लगानी गर्दै आइरहेको छ।<br>• पुर्वीय दर्शन र विज्ञानमा आधारित योग तथा आयुर्वेद शिक्षाका लागि पालिकाले लगानी गर्दै आइरहेको छ।<br>• आयुर्वेद तर्फ रु ४ लाख लागतमा विभिन्न जडीबुटीजन्य औषधी तथा कार्यक्रम संचालन गरिएको छ। |
| **यूवा खेलकुद तथा मनोरञ्जन** | • अध्यक्ष कप प्रतियोगिता संचालन गरिएको छ।<br>• प्रत्येक वडामा वडास्तरीय खेलकुद कार्यक्रम संचालन गरिएका छन। |

| | |
|---|---|
| | • विद्यालय देखिनै प्रतिभावान खेलाडी उत्पादन गर्नका लागि जिल्ला स्तरीय रनिङ शिल्डको तयारी गरिएको छ। |
| **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण** | • स्थानीय बालअधिकार समिति गठन तथा परिचालन/वडास्तरीय बाल संरक्षण समिति गठन<br>• लक्षित बर्ग अन्तर्गतका १० वटा विभिन्न आयोजना तथा कार्यक्रम संचालन गरिएका छन।<br>• २९९ जना अपांगता भएका ब्यक्तिहरुको मूल्याङ्कन गरी परिचय पत्र वितरण गरिएको छ।१६९ जनालाइ जेष्ठ नागरिक परिचय पत्र वितरण गरिएको छ। |

## (ग) पूर्वाधार विकास

| **क्षेत्र** | **अपेक्षित नतिजा** |
|---|---|
| **स्थानीय सडक, पुल तथा झोलुङ्गे पुल** | • पालिकामा रहेका डोजर स्काभेटरको सहयोगमा सबै वडामा मनसुनजन्य विपत पश्चात पहिरो पन्छयाइएको छ। वडा नं.१ र वडा नं.२ मा निजी क्षेत्रको स्काभेटर मार्फत आवागमन सहज बनाइएको छ।<br>• शंखमुल जयचौर खर्सुबास सडकको कालोपत्रेको कामलाइ निरन्तरता दिइएको छ।<br>• शंखमुल श्रीचवर रावतगाउ खैराबाङ लान्ती लेखपोखरा मोटरबाटो स्तोरोन्नति काम सम्पन्न अवस्थामा रहेको छ।<br>• २९ वटा साना तथा ठुला सडक पुर्वाधार निर्माण गरिएको छ। |
| **सिंचाई** | • ठुलागैरा सिमलगैरा चिन्नेखोला सिँचाइ पोखरी निर्माणको कार्य सम्पन्न भएको छ।<br>• साना ठुला गरी २२ वटा सिँचाइ आयोजनाहरु सम्पन्न भएका छन।<br>• सिँचाइका लागि रु ४ लाख बराबरको पाइप खरिद तथा वितरण गरिएको छ। |
| **भवन तथा सहरी विकास** | • वडा नं. ५ र वडा नं.४ वडा कार्यालय भवन निर्माणको अन्तिम चरणमा रहेका छन।<br>• वडा नं .१ को वडा कार्यालय भवन बहुबर्षे ठेक्का अन्तर्गत ठेक्का आह्वान भइ काम भइरहेको छ।<br>• वडा नं.३ को वडा कार्यालय भवन निर्माण सम्पन्न भइ नियमित प्रशासनिक सेवा प्रवाह भइरहेको छ।<br>• त्रिभुवन जनता मावि भोटेचौरको विद्यालय भवन घेराबार सम्पन्न भएको छ।<br>• भानुभक्त मावि दमाचौरको घेराबार तथा पर्खाल निर्माणको काम भइरहेको छ |
| **उर्जा, लघु तथा साना जलविद्युत** | • सबै वडामा केन्द्रीय विद्युत लाइन बिस्तारको काम सम्पन्न भएको ।छुटेका टोलमा कर्णाली प्रदेश पुर्ण विद्युतीकरण परियोजना अन्तर्गत पुरा भइसक्नेछ। |

| | |
|---|---|
| **सञ्चार** | • सबै वडामा फाइबर नेटको पहुँच विस्तार गरिएको ।<br>• पालिकाको विकास र सुशासनको क्षेत्रमा वहस पैरवी गर्ने सबै संचार तथा छापा तथा अनलाइन मिडीयाहरुलाइ पालिकाले प्रत्यक्ष सहयोग गरिरहेको अवस्था छ। |

**(घ) वातावरण तथा विपद् व्यवस्थापन**

| **क्षेत्र** | **अपेक्षित नतिजा** |
|---|---|
| **वन तथा भु-संरक्षण** | • कार्यालय परिसरका रहेको पुराना रुख हटाइ नयाँ अर्नामेन्टल विरुवा वृक्षारोपण गर्नका लागि डिभिजन वन कार्यालय सल्यान समन्वय र सहकार्य भइरहेको छ। |
| **जलाधार संरक्षण** | • खानेपानी मुहान संरक्षणका लागि पालिकाले दर्ता प्रक्रिया अगाडि बढाएको छ।<br>• हालसम्म पालिकामा २४ वटा खानेपानीका मुहान दर्ता भइ संचालनमा रहेका छन। |
| **वातावरण संरक्षण, जलवायु परिवर्तन** | • वृक्षारोपन, वन संरक्षण अभियानबाट वन तथा वातावरणीय संरक्षणमा जोड<br>• स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना कार्यान्वयनमा रहेका छन।<br>• पालिकाभित्र नदीजन्य पदार्थ उत्खनन गर्नका लागि प्रारम्भिक वातावरणीय परिक्षण काम अन्तिम चरणमा पुगेको छ। |
| **फोहरमैला तथा ढलव्यवस्थापन** | • बजार क्षेत्रको फोहोर ब्यवस्थापनका लागि कर्णाली प्रदेश सरकार ससर्त अनुदान आयोजना माग गरि पठाइएको छ। |
| **जलउत्पन्न प्रकोपनियन्त्रण** | • शारदा लंकिनि र अन्य खोला साना ग्याभिन जालीको काम सम्पन्न भएको छ।<br>• मसानढुङ्गा तटबन्धन सम्पन्न भएको छ। |
| **विपद व्यवस्थापन** | • मनसुन तथा अन्य विपद प्रभावित नागरिकलाइ स्थानीय विपद जोखिम न्युनीकरण तथा ब्यवस्थापन समितिबाट निर्णय भइ राहत उपलब्ध गराइएको छ।<br>• हालसम्म ८ जना नागरिकहरुलाइ क्षतिको मूल्याङ्कनको आधारमा राहत तथा पुनस्थापना वाफत रु ४ लाख रकम उपलब्ध गराइएको छ। |
| **एम्बुलेन्स तथा वारुण यन्त्र** | • गाउँपालिका ४ वटा एम्बुलेन्स सञ्चालनमा रहेको |

**(ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

| **क्षेत्र** | • **अपेक्षित नतिजा** |
|---|---|
| **सुरक्षा व्यवस्थापन** | • कार्यालयको सुरक्षाका लागि  नगर प्रहरी कार्यालय सहयोगीको व्यवस्था  तथा नजिकको प्रहरी प्रशासनसँगको समन्वय मार्फत सुरक्षा व्यवस्थापनलाई जोड दिइएको छ। |
| **सूचना प्रविधि** | • गाउँपालिका कार्यालय तथा वडा कार्यालयहरुमा कम्प्यूटर, प्रिन्टर, इन्टरनेट जस्ता सूचना प्रविधिका आधारभूत हार्डवेयरको व्यवस्था गरिएको<br>• राजस्व संकलन अनलाइन प्रणाली मार्फत गरिएको छ।<br>• बजेट विनियोजन, लेखाङ्कन र प्रतिवेदनमा पूर्ण रुपमा SUTRA मा पूर्ण रुपमा EFT प्रयोग गरिएको |
| **पञ्जिकरण व्यवस्थापन** | • अनलाइन घटना दर्ता नियमितता<br>• सामाजिक सुरुक्षा भत्ता इफटी मार्फत प्रदान सम्वन्धित लाभग्राहीको बैंक खातामा प्रदान गरिएको छ।<br>• पालिकाको खर्च ब्यवस्थापनमा बैंकलाइ वडा कार्यालय सम्म लिइ भत्ता वितरण<br>• प्रत्येक त्रैमासिक समयसिमा भित्र खातामा भत्ताँ निकासा<br>• सामाजिक सुरक्षालाइ प्रभावकारी बनाउन बायोमेट्रिक प्रणाली लागु ।<br>• २४७ जनाको घटना दर्ता भएको<br>• ४४५९ नागरिक तथा बालबालिकालाइ सामाजिक सुरक्षा भत्ता वितरण<br>• ७ करोड ४४ लाख ९१ हजार २ सय ८१ सामाजिक सुरक्षा वाफत भत्ता वितरण |
| **स्थानीय तथ्याङ्कसंकलन र अभिलेख व्यवस्थापन** | • मध्यमकालीमन खर्च संरचना रावस्व सुधार योजना र क्षमता विकास योजनाका लागि काम भैरहेको।<br>• पालिकाको आर्थिक गणणा गर्ने कार्य भैरहेको<br>• स्वास्थ्य शिक्षा घटना दर्ता ब्यवस्थापन रोजगार प्रणाली राजस्व तथा खर्च ब्यवस्थापन विपत ब्यवस्थापन विद्यालय शिक्षा ब्यवस्थापन तथा योजना र हाजिरी ब्यवस्थापनका लागि विभिन्न अनलाइन माध्यमबाट भैरहेको। |
| **सुशासन प्रवर्द्धन** | • सबै  आयोजनाहरुमा आयोजनास्थलमा सूचनापाटी, जनलेखापरीक्षण  अनिवार्य गरिएको<br>• सूचना प्रकाशन, नागरिक वडापत्र अद्यावधिक, गुनासो सुनुवाइ संयन्त्र सक्रिय |

| | |
|---|---|
| | • बेरुजु ०.६० झरेको । जिल्लामा बेरुजुमा दोस्रो स्थान हासिल गरेको<br>• कार्यसम्पादन मूल्याङकनमा ७२.२५ अंक सहित जिल्लामा प्रथम स्थान हासिल गरेको छ।<br>• स्थानीय शासन कार्यसम्पादन स्वमुल्याङ्कन (LGPAS) प्रणालीमा पालिकाको तर्फबाट ८६.७ उत्कृष्ट अंक प्रस्ताव गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलमा पेश गरिएको छ।<br>• असुल उपर गर्नुपर्ने बेरुजु रु.१ करोड ३७ लाख असुल उपर भइ बैंक दाखिला भएको। बाँकी बेरुजु फछ्यौटका लागि प्रक्रिया अगाडी बढेको छ। |
| **न्यायिक समिति** | • मेलमिलापकर्ता र न्यायिक समिति का सदस्यका लागि विज्ञको उपस्थितिमा न्यायिक प्रक्रिया सम्वन्धी तालिम सम्पन्न भएको छ।<br>• १० वटा उजुरी मध्ये ५ वटा उजुरी फछ्यौट भएको<br>• ५ वटा कारवाही प्रक्रियामा रहेका छन। |
| **बहुक्षेत्रीय पोषण** | • वडा नं.३ मा जना गर्भवती तथा सुनौलो हजार दिनका आमाहरुलाइ ३ हसे कुखुरा वितरण गरिएको छ। |
| **बित्तिय प्रगति** | • कुल विनियोजित बजेट रु.५२ करोड ६३ लाख ६८ हजार<br>• कुल आम्दानी रु.३३ करोड ५४ लाख ७१ हजार<br>• कुल खर्च रु.२५ करोड ५७ लाख १८ हजार ७ सय ७१<br>• चालु खर्च रु.२१ करोड २५ लाख ४५ हजार ६०.०१ **प्रतिशत**<br>• पूजीगत खर्च ४ करोड ७५ लाख ८६ हजार **२७.५५ प्रतिशत**<br>• **१करोड ३३ लाख ३७ हजार ३ सय १९ आन्तरिक राजस्व प्राप्त भएको छ ।** |

अघिल्लो आर्थिक वर्षको वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनका क्रममा देहायका समस्या तथा चुनौतिहरुको सामना गर्नुपरेको थियो ।

आर्थिक वर्ष २०८१।०८२ मा गाउँपालिकाले सार्वजनिक सेवा प्रवाह, विकास निर्माण प्रक्रिया र स्थानीय शासन व्यवस्थापनका क्रममा स्वीकृत दरबन्दी बमोजिम पदपूर्ति नहुँदा वडा सचिव, प्राविधिक कर्मचारीको कमी हुनु, कतिपय बजेटको समयमै फुकुवा नहुनु, विद्यालयमा दरबन्दी बमोजिमका शिक्षक अभाव हुनु, आन्तरिक आय न्यून हुनु, सडक, बिजुली, सञ्चार जस्ता आधारभूत पूर्वाधारको अभाव हुनु, दक्ष जनशक्तिको अभाव हुनु, कृषि बाली तथा पशुपंक्षीमा विभिन्न रोगका कारण उत्पादन न्यून हुनु, साधन स्रोतको कमी जस्ता समस्याहरुको सामना गर्नुपर्‍यो ।

त्यसैगरी नागरिक अपेक्षा पूरा गर्नु, प्रभावकारी सेवा प्रवाह गर्नु, संस्थागत र नेतृत्वगत दक्षता, क्षमता र सीपको विकास गर्नु, विकासमा जनसहभागिता सुनिश्चित गर्नु, स्थानीय साधन स्रोतको समुचित उपयोग र वितरण गर्नु, तहगत सरकारहरु बीच समन्वय र सहकार्य सुनिश्चित गर्नु, आन्तरिक राजस्व वृद्धि गर्नु, आवश्यक नीति तथा कानून निर्माण गर्नु, पुराना जनप्रतिनिधि र नयाँ निर्वाचित जनप्रतिनिधिको कार्यक्रमलाई तालमेल मिलाउनु, समयमै विकास निर्माणका पूर्वाधारहरु निर्माण गर्नु जस्ता चुनौतिहरु पनि सामना गर्नुपर्‍यो ।

चालु आर्थिक वर्ष २०८२।०८३ मा अघिल्लो आर्थिक वर्षमा झै गाउँपालिकाले सार्वजनिक सेवा प्रवाह, विकास निर्माण प्रक्रिया र स्थानीय शासन व्यवस्थापनका क्रममा स्वीकृत दरबन्दी बमोजिम पदपूर्ति नहुँदा वडा सचिव, प्राविधिक कर्मचारीको कमी हुनु, कतिपय बजेटको समयमै फुकुवा नहुनु, विद्यालयमा दरबन्दी बमोजिमका शिक्षक अभाव हुनु, आन्तरिक आय न्यून हुनु, सडक, बिजुली, सञ्चार जस्ता आधारभूत पूर्वाधारको अभाव हुनु, दक्ष जनशक्तिको अभाव हुनु, कृषि बाली तथा पशुपंक्षीमा विभिन्न रोगका कारण उत्पादन न्यून हुनु, साधन स्रोतको कमी, आन्तरिक ऋण उठाउन कानूनी अभाव जस्ता समस्याहरुको विद्यमान छन् ।

त्यसैगरी नागरिक अपेक्षा पूरा गर्नु, प्रभावकारी सेवा प्रवाह गर्नु, संस्थागत र नेतृत्वगत दक्षता, क्षमता र सीपको विकास गर्नु, विकासमा जनसहभागिता सुनिश्चित गर्नु, स्थानीय साधन स्रोतको समुचित उपयोग र वितरण गर्नु, तहगत सरकारहरु बीच समन्वय र सहकार्य सुनिश्चित गर्नु, आन्तरिक राजस्व वृद्धि गर्नु, आवश्यक नीति तथा कानून निर्माण गर्नु, पुराना जनप्रतिनिधि र नयाँ निर्वाचित जनप्रतिनिधिको कार्यक्रमलाई तालमेल मिलाउनु, समयमै विकास निर्माणका पूर्वाधारहरु निर्माण गर्नु, वस्तीस्तरको माग र गाउँपालिकाको रणनीतिक योजना बीच तालमेल मिलाउनु, आयोजनाको छनौट, प्राथमिकीकरण, विनियोजन कुशलता र कार्यान्वयन दक्षता बढाउनु, सुशासन प्रवर्द्धन गर्नु जस्ता चुनौतिहरु पनि सामना गर्नुपर्नेछ । त्यसैगरी आन्तरिक उत्पादन र उत्पादकत्व वृद्धि गर्नु, सार्वजनिक निर्माणमा गुणस्तरीयता र दिगो संरक्षणको सुनिश्चित गर्नु, विकास आयोजना कार्यान्वयन क्षमता अभिवृद्धि गर्नु, स्थानीयस्तरमा रोजगारी सिर्जनामार्फत यूवाहरुलाई गाउँमै फर्काउनु, आर्थिक तथा सामाजिक विकास गर्नु, बैंक तथा वित्तीय संस्थाको वृद्धि तथा वित्तीय साक्षरतामार्फत औपचारिक अर्थतन्त्रको विकास गर्नु, सूचना तथा सञ्चार प्रविधिको विकास तथा साक्षरता वृद्धि गर्नु जस्ता चुनौतिहरु रहेका छन् ।

## ३) योजना तथा बजेट तर्जुमाका आधार

### क) संवैधानिक तथा कानूनी आधार

नेपालको संविधानको धारा ५९मा संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा योजना तयार गर्ने व्यवस्था रहेको छ। संविधानको अनुसूची ८ र ९ ले निर्धारण गरेको अधिकार क्षेत्र सहित मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वमा समेटिएका विषयहरु स्थानीय तहका योजना तर्जुमाका आधारहरु हुन् । संङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्ने संवैधानिक अपेक्षा बमोजिम समाजवादउन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने संविधानमा उल्लिखित राज्यको आर्थिक उद्देश्यले समेत स्थानीय आवधिक योजना तर्जुमालाई दिशानिर्देश गर्दछ। तसर्थ स्थानीय तहले विकास योजना तर्जुमा गर्दा नेपालको संविधानमा उल्लिखित मौलिक हक, नीति र निर्देशक सिद्धान्त र संविधानको अनुसूचीमा रहेका व्यवस्थाहरुको कार्यान्वयनमा पनि ध्यान दिनुपर्छ।

## ख) राष्ट्रिय सोच, रणनीति तथा रुपान्तरणका क्षेत्र

### सोच

### सुशासन सामाजिक न्याय र समृद्धि

दिर्घकालीन सोच २१०० ले तय गरेका समृद्धि र सुखका मुलभुत तत्वहरुलाइ आत्मसाथ गर्दै सोह्रौ योजनाले सुशासन सामाजिक न्याय र समृद्धिको सोच राखेको छ। सुशासन मार्फत नै सामाजिक न्याय र समृद्धि हासिल गर्न सकिन्छ।सामाजिक न्याय सहितको समृद्धिमा समाजवादी विशेषता अन्तरनिहित रहेका छन।सामाजिक न्याय स्थापित गर्दै हासिल भएको समृद्धि दिगो समावेशी समुन्नत एवम अनुभुतियोग्य हुन्छ।

### राष्ट्रिय उद्देश्यहरु

१.राजनीतिक प्रशासनिक न्यायिक निजी र गैरसरकारी क्षेत्रमा सुशासन कायम गर्नु।

२. स्वास्थ्य शिक्षा रोजगारी आवास तथा सार्वजनिक सेवा प्रवाहमा सामाजिक न्याय स्थापित गर्नु।

३.मानवीय जीवन र राष्ट्रिय अर्थतन्त्रमा समृद्धि हासिल गर्नु।

### समष्टिगत रणनीति

१) विकासका सबै क्षेत्र तथा आयाममा देखीएका संरचनागत अवरोधहरुकव पहिचान सम्वोधन र निराकारण गर्दै उत्पादन उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने।

२) सङ्घ प्रदेश र स्थानीय तीनै तह तथा सरकारी निजी सहकारी र गैरसरकारी क्षेत्र एवम विकास साझेदार वीचको अन्तरसम्वन्ध र कार्यात्मक क्षमतालाइ मजवुत तुल्याउँदै दिगो विकास योजना कार्यन्वयन गर्ने।

३) विकासका सबै क्षेत्र तथा आयममा लैङ्गिक मूलप्रवाहीकरण आधुनिक प्रविधिको प्रयोग वातावरण संरक्षण र विपद जोखिम न्युनीकरणलाइ आन्तरिकिकरण गर्ने।

४) अध्ययन अनुसन्धान तथा तथ्य प्रमाणमा आधारित नीति निर्माण एवम विकासका कार्यक्रम कार्यन्वयन गर्ने।

**संरचनात्मक रुपान्तरणका प्रमुख क्षेत्र**

१. समष्टिगत आर्थिक आधारहरुको सबलीकरण र उच्च आर्थिक वृद्धि
२. उत्पादन उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि
३. उत्पादनशील रोजगारी मर्यादित श्रम र दिगो सामाजिक सुरक्षा
४. स्वस्थ शिक्षित र सीपयुक्त मानव पुँजी निर्माण
५. गुणस्तरीय भौतिक पुर्वाधार विकास एवम सघन अन्तर आवद्धतता
६. योजनावद्ध दिगो विकास र उत्थानशील शहरीकरण तथा बस्ती विकास
७. लैङ्गिक समानता सामाजिक न्याय र समावेशी समाज
८. प्रादेशिक तथा स्थानीय अर्थतन्त्रको सुदृढीकरण र सन्तुलित विकास
९. गरिवी तथा असमानता न्युनीकरण र समतामुलक समाज निर्माण
१०. प्रभावकारी बित्त ब्यवस्थापन तथा पुँजीगत खर्च क्षमता अभवृद्धि
११. शासकीय सुधार र सुशासन प्रवर्धन
१२. जैविक विविधता जलवायु परिवर्तन र हरित अर्थतन्त्र
**१३.** अतिकम विकसित मुलुकबाट सहज स्तोरोन्नति तथा दिगो विकास लक्ष्य कार्यन्वयन।

## ग) प्रादेशिक लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता

**प्रादेशिक लक्ष्य**

समाजवाद उन्मुख, सामाजिक न्यायमा आधारित, समावेशी, सन्तुलित र दिगो विकासको माध्यमबाट आर्थिक वृद्धि दरलाई उच्च पार्दै प्रदेशबासी जनताको जीवनमा गुणात्मक परिवर्तन ल्याउनु।

**प्रादेशिक योजनाको उद्देश्य**

सामाजिक न्यायमा आधारित रही अवसरको सृजना, उत्पादन वृद्धि, रोजगारी प्रवर्द्धन र गरिबी निवारण गर्नु

**प्रादेशिक योजनाको रणनिति**

१) कृषि उद्योग र पर्यटन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी आर्थिक वृद्धि दर बढाउने।
२) आवश्यक भौतिक पूर्वाधार निर्माण तथा विकास गर्ने ।
३) गुणस्तरीय शिक्षा र स्वास्थ्य विस्तार गरी मानवीय पूँजी निर्माण गर्ने ।
४) साािजक समावेशिता र लैङ्गिक समता प्रवर्द्धन गर्ने।

५) प्रभावकारी विपद व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलित विकास गर्ने ।

६) विधिको शासन कायम गर्दै सुशासन प्रत्याभूति गर्ने।

## घ) गाउँपालिकाको दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, प्राथमिकता तथा कार्यक्रम

**गाउँपालिकाको दीर्घकालीन सोंचः दिगो विकास र सुशासनको लहर छत्रेश्वरीबासीको रहर, म बनाउछु मेरो छत्रेश्वरी को सोच र** ग्रामीण अर्थतन्त्रलाई बढावा दिँदै आर्थिक, राजनीतिक, सामाजिक सांस्कृतिक रुपान्तरणयुक्त समाजवादउन्मुख आत्मनिर्भर, स्वस्थ र गुणस्तरीय जीवन सुनिश्चित भएको आर्थिक विकास सहितको आफैमा नमुना गाउँपालिका ।

**गाउँपालिकाको लक्ष्यः**

दिगो आर्थिक तथा सामाजिक विकास र पूर्वाधार मार्फत समावेशी र समृद्ध समाज निर्माण गर्ने।

**गाउँपालिकाको उद्देश्य**

१. कृषि क्षेत्रमा लगानी वृद्धि गरी आय र रोजगारीको अवसरमा वृद्धि गर्ने।
२. शिक्षा स्वास्थ्य लैंगिक समानता तथा सामाजिक समावेशीकरमा गुणात्मक सुधार गर्दै समृद्ध समाजको आधार निर्माण गर्नु।
३. सुरक्षित आवासको सुनिश्चतता गर्नु।
४. टिकाउ यातायात संजालको विकास गर्नु।

**गाउँपालिकाको रणनीति**

१) कृषि उत्पादनको ब्यवसायीकरण विविधिकरण र औद्योगिकरण गरी रोजगारी सिर्जना गर्ने।
२) ब्यावसायिक शिक्षा आधारभुत स्वास्थ्य खानेपानी तथा सरसफाइको सुनिश्चतता गर्ने।
३) टीकाउ यातायात पुर्वाधार र सुरक्षित पुर्वाधारको विकास गरी आर्थिक सामाजिक विकासको आधारशिला तयार गर्ने।
४) उपलब्ध स्रोत साधनको सम्पुर्ण जनताको पहुँच अभिवृद्धि गरी सहभागितामुलक र समावेशी समाज विकास गर्ने।

**गाउँपालिकाको प्राथमिकता तथा कार्यक्रमहरु**

छत्रेश्वरी  गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रमम तर्जुमाका लागि देहाय बमोजिमका क्षेत्र तथा उपक्षेत्रलाई प्राथमिकता निर्धारण गरिएको छ ।

१) सामाजिक विकास क्षेत्र

२) पूर्वाधार विकास क्षेत्र

३) आर्थिक विकास क्षेत्र

४) सुशासन तथा संस्थागत विकास क्षेत्र

५) वन, वातावरण र विपद् व्यवस्थापन क्षेत्र

उल्लिखित प्राथमिकताका आधारमा रहेर देहाय बमोजिमका नीति तथा कार्यक्रमहरुलाई प्राथमिकता दिइएको छ ।

क) कृषि, पर्यटन, उद्योग तथा मानव संशाधनको क्षेत्रमा जोड,

ख) घरेलु तथा साना उद्योग प्रवर्द्धनबाट उत्पादन र उत्पादकत्व वृद्धि र बजारीकरणमा जोड,

ग) गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाई लगायतका क्षेत्रमा जोड

घ) पर्यटन पूर्वाधारको विकास तथा प्रवर्द्धन, जलविद्युत उत्पादन, उद्योग स्थापना लगायतका क्षेत्रमा सरकारी, निजी र सहकारी क्षेत्रको लगानी आकर्षण तथा रोजगारी प्रवर्द्धन

ङ) स्थानीय उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना र गरिबी निवारण

च) अन्तरसम्बन्धित पूर्वाधार विकास र पूँजी निर्माण

छ) विपद् व्यवस्थापन, वन तथा भू—संरक्षण, जलवायु परिवर्तन अनुकूलन

ज) संस्थागत विकास तथा शासकीय सुधारमार्फत विधिको शासन, सार्वजनिक सेवाको प्रभावकारिता, जवाफदेहिता र विकासमा नागरिकको जनसहभागिता सहितको सुशासनमा जोड,

झ) नवप्रवर्तन, वैज्ञानिक अनुसन्धान र विकास।

**ङ) अन्तरसम्बन्धित विषयहरु**

वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा विकासका समसामयिक मामिलाहरु तथा अन्तरसम्बन्धित विषयहरुलाई सम्बोधन गर्नुपर्दछ । अन्तरसम्बन्धित विषयहरु एउटा पक्ष पछि पर्दा अर्को पक्ष समेत प्रभावित हुने भएकाले सबै क्षेत्रलाई सन्तुलित रुपमा सँगसँगै अगाडि लैजानुपर्ने हुन्छ । आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, वार्षिक बजेट तर्जुमा गर्दा देहायका अन्तरसम्बन्धित विषयहरुलाई छुटाउनुहुँदैन ।

१. गरिवी न्युनीकरण,

२. दीगो विकासका लक्ष्य सम्वोधन,

३. मानव संसाधनको विकास,

४. वातावरण संरक्षण,

५. सामाजिक समावेशीकरण,

६. समतामूलक विकास,

